# नवीकरणीय ऊर्जा प्रवर्द्धन र विकास गर्न समझदारीपत्रमा हस्ताक्षर



काठमाडौं, ३ पुस (कास) प्रदेश नं. १ मा समन्वयात्मक रूपमा नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विकासका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र भौतिक पूर्वाधार विकास मन्त्रालयलगायत १ नगरपालिका र ७ गाउँपालिकाबीच छुट्टाछुट्टै समझदारी पत्रमा हस्ताक्षर भएको छ।

नेपाल सरकार र जर्मन विकास नियोग (जीआईजेड) बाट संयुक्त रूपमा सञ्चालित ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा कार्यक्रमको प्रदेश नं. १ का साझेदार माईनगरपालिका, माइसेबुङ, गौरीगञ्ज, मिक्लाजुङ, जहदा, आमचोक, हतुवागढी र मानेभञ्ज्याङ गाउँपालिका तथा भौतिक पूर्वाधार विकास मन्त्रालय र केन्द्रबीच समझदारी पत्रमा हस्ताक्षर भएको हो। उक्त समारोह आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मतकुमार कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो।

समझदारी पत्रमा भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. १ का सचिव सागरकुमार राई, केन्द्रका कायममुकायम कार्यकारी निर्देशक नवराज ढकाल र सम्बन्धित गाउँपालिकाका अध्यक्ष तथा नगरपालिकाका प्रमुखद्वारा हस्ताक्षर गरिएको थियो। हस्ताक्षरकर्ता साझेदारहरू प्रदेश नं. १ का गाउँ तथा नगरपालिकामा स्वच्छ ऊर्जाको अवस्थामा सुधार ल्याउन, भरपर्दो, सुलभ र आधुनिक ऊर्जामा पहुँच बढाउन संयुक्त रूपमा कार्य गर्नका लागि सहमत भएका छन्। दीर्घकालीन रूपमा नवीकरणीय ऊर्जा स्रोतबाट दुर्गम क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याउन, उद्यमशिलता प्रवर्द्धन गर्न, लघु पूर्वाधार सिर्जना गर्न र सामाजिक तथा वित्तीय पुँजी निर्माण गरी गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउन सम्बन्धित मन्त्रालय, गाउँ तथा नगरपालिका र केन्द्र सहमत भएका छन्।

यसका लागि ग्रामीण क्षेत्रलाई नवीकरणीय ऊर्जा कार्यक्रमको प्राविधिक सहयोग गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले प्रदेश नं. १ र त्यहाँका ७ गाउँपालिका तथा १ नगरपालिकालाई क्षमता अभिवृद्धि, प्रविधिको प्रवर्द्धन र यससँग सम्बन्धित क्रियाकलापको कार्यान्वयनमा सहयोग गर्नेछ। यस प्रकारका सहयोग निजी क्षेत्र, गैरसरकारी संघ संस्था र समुदायमा आधारित संस्थासँगको साझेदारीमा सञ्चालन गरिनेछ।

ग्रामीण क्षेत्रका लागि नवीकरणीय ऊर्जा कार्यक्रम नेपाल सरकार र जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको साझेदारीमा नेपालको साना नवीकरणीय ऊर्जा क्षेत्रमा कार्य गर्ने एक प्राविधिक सहयोगको कार्यक्रम हो। यो कार्यक्रम नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जीआईजेडद्वारा संयुक्त रूपमा कार्यान्वयन गरेको छ। जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको करिब ५० करोड रुपैयाँको सहयोगमा सञ्चालित यो कार्यक्रम पहिलो चरणमा २०१६ अक्टोबरदेखि ३ वर्षसम्म सञ्चालन हुनेछ।